# प्रदेश सरकार
# प्रदेश न.५
# सामाजिक विकास मन्त्रालय

नीति कानून,मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखा

बुटवल,नेपाल

फोन नं. -०७१-५५०६५०,५५००३८

इमेल ठेगाना :mosdfive@gmail.com


## प्रेश बिज्ञप्ति

## गुल्मी जिल्लाको मुसिकोट नगरपालिकाको वडा नं.४ मा फैलिएको झाडापखाला तथा दाङ जिल्लाको राजपुर गाउपालिकाको वडा नं.४मा फैलिएको दादुराको हालको अवस्था (मिति:२०७६बैशाख१६ गते)

**गुल्मी जिल्ला मुसीकोट न.पा. वडा नं.४ को अवस्था :**

- मिति २०७६।०१।१० गते देखि नुर खोलाको मुहानको पानी खाएका स्थानियहरुमा झाडापखालाको समस्या देखा पर्न शुरु भएको ।
- जोखीममा रहेको जम्मा जन संख्या: २००० जना ।
- स्वास्थ्य कार्यालय गुल्मी, गुल्मी अस्पताल र मुसीकोट नगरपालिकाबाट Rapid Response Team सहित स्वास्थ्यकर्मीको टोली आवश्यक औषधी सहित सो रोगको नियन्त्रण तथा व्यवस्थापनको लागि परिचालन गरिएको ।
- हाल सम्म १९२ जना झाडापखालाका बिरामीको उपचार भइसकेको ( ६ जनाको गुल्मी अस्पतालमा, ५९ बर्षिय कुमारी सिंजालीलाई चितवन मेडिकल कलेजमा रेफर गरिएको, १२ बर्षिय बालक रेशम सिंजालीको मृत्यु भएको तथा बांकी बिरामीहरुलाई स्थानिय स्कुलमा स्वास्थ्य शिविर संचालन गरि उपचार गरिएको)
- मुहानको पानीको परीक्षणमा प्रशस्त मात्रामा Coliform देखिएको ।
- बिरामीको दिशा जांचमा Entamoeba Histolytica को परिजिवी देखा परेको
- हाल संक्रमित मुहानको पानी प्रयोगमा ल्याउन रोक लगाईएको, बैकल्पिक खानेपानीको श्रोतको प्रयोग भईरहेको स्वास्थ्य कार्यालय गुल्मीबाट पानी शुध्दीकरणको लागि ५००० चक्की क्लोरीन बितरण गरिएको ।
- मुसीकोट न.पा., स्वास्थ्य कार्यालय,गुल्मी अस्पताल,जिल्ला समन्वय समिति र WHO का प्रतिनिधि सहितको समन्वयमा नियन्त्रण कार्य अगाडी बढिरहेको ।
- मुहानको सरसफाई तथा सचेतनामुलक कार्यक्रम समेत संचालन भईरहेको ।
- अवस्था नियन्त्रणमा रहेको, नयां बिरामीहरु देखिन कम हुनुको साथै निको हुंदै गएको ।
- घटनाको पुर्ण विवरण सहितको अध्ययन प्रतिवेदन पेश गर्नको लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवलको मेडिकल अधिकृत डा. श्री मो.वसिम रजा अन्सारी को नेतृत्वमा स्वास्थ्य निर्देशनालयबाट हे.अ. श्री कृष्ण यादव तथा स्वास्थ्य कार्यालय गुल्मीका क्षय कुष्ठ अधिकृत श्री शिशिर सिलवाल सहितको ३ सदस्यीय टोली परिचालन गरिएको छ ।

उप-सचिव

# प्रदेश सरकार

# प्रदेश न.५

# सामाजिक विकास मन्त्रालय

नीति कानून,मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखा

बुटवल,नेपाल

फोन नं. -०७१-५५०६५०,५५००३८

इमेल ठेगाना :mosdfive@gmail.com

**दाङ जिल्लाको राजपुर गाउपालिकाको वडा नं.४ को अवस्था :**

- मिति २०७५ ।१२।२५ गते दादुराको लक्षण भएको पहिलो बिरामी बालिका फेला परेको ।
- संकास्पद केशहरु बढ्न थालेपछि WHO IPD Surveillance Medical Officer तथा स्थानिय स्वास्थ्यकर्मीहरुको टोलीले निगरानी बढाई बिरामी बालाबलिकाहरुको रगत नमुना संकलन गरि परीक्षणको लागि ल्याबोरेटरीमा पठाइएको ।
- मिति २०७५।१२।२० गते ८ वटा रगत नमुना परिक्षणबाट दादुरा पोजेटिभ प्रमाणित भएको ।
- हाल सम्म ९ महिना देखि १४ बर्ष सम्मका ३७ जना बालबालिकाहरुमा दादुरा रोग देखा परेको ।
- नियमित खोपको अवस्था सन्तोषजनक नरहेको र धेरैजसो बालाबालिकाहरुले दादुरा खोप नलिएको भेटिएको ।
- ९ महिना देखि १५ बर्ष सम्मका बालबालिकाहरुको लागि मिति २०७६बैशाख १६,१७ र १८ गते सम्म दादुराको Out Break Response Immunization कार्यक्रम संचालनको लागि तय भएको ।
- बिरामी बालाबालिकाहरुको उपचार व्यवस्थापन तथा सचेतनामुलक कार्यक्रमहरु संचालन भईरहेको ।
- महामारीको अवस्था व्यवस्थापनको लागि गांउपालिका, परिवार कल्याण महाशाखा, युनिसेफ,WHO तथा स्वास्थ्य कार्यालय दाङ संयुक्त रुपमा कार्यरत रहेको ।
- अहिले अवस्था नियन्त्रणमा रहेको ।
- घटनाको पुर्ण विवरण सहितको अध्ययन प्रतिवेदन पेश गर्नको लागि राप्ती प्रादेशिक अस्पताल दाङको मेडिकल अधिकृत डा.श्री मिन चन्द्र अधीकारी को नेतृत्वमा सामाजिक विकास मन्त्रालय बुटवलका ज.स्वा.अ. श्री ओम प्रकाश न्यौपाने तथा स्वास्थ्य कार्यालय दाङका सुपरभाईजर प्रतिनिधी सहितको ३ सदर्स्यीय टोली परिचालन गरिएको छ ।

उप-सचिव